महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
मायादेवी गाउँपालिका, रूपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं:- ५१

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
मायादेवी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।

विषयः– लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरूको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं.: ९१

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
मायादेवी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ असार ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यसँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रू. २ करोड ५४ लाख १३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू. १२ लाख ५६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. ७२ लाख २२ हजार नियमित गर्नुपर्ने रू. १ करोड ५३ लाख ४४ हजार पेश्की बाँकी रू. १५ लाख ९१ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१०।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४३ यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम

गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

मायादेवी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मायादेवी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मायादेवी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ७२.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४४१९६ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		६८६७८६६३.३९	१	**चालु खर्च**	३२१९४१३९९.१७	
	क) नगद			२	**पूँजीगत खर्च**	१९६६४७७०३.१६	
	ख) बैंक			३	**वित्तीय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**		९६२६४५२२.४		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	२८४९६५७०.२७			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	६७७६७९५२.१७			ग) अन्य भुक्तानी		
	ग) अन्य आय			४	**लगानी**		
३	**वित्तीय हस्तान्तरण संघ**		२९६७६५०००		ऋण लगानी		
	क) वित्तीय समानीकरण अनुदान	१४०९०००००			शेयर लगानी		
	ख) सशर्त अनुदान	१३५०६५०००			अन्य लगानी		
	ग) समपूरक अनुदान	२०८०००००		५	**धरौटी फिर्ता**	३५७१७४९	
	घ) विशेष अनुदान			६	**जनश्रमदान फिर्ता**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३०७२८०००	७	**कोष फिर्ता**		
	क) वित्तीय समानीकरण अनुदान	४७७८०००		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	१४००००००			क) बैंक मौज्दात	८८२०९७७२.५०	
	ग) समपुरक अनुदान	६७५००००			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	५२०००००		९	**शसर्त अनुदान फिर्ता**		
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			१०	**गत बर्षको बढी अल्या**		
६	**अन्य**			११	**जनश्रमदान मौज्दात**		
	क) क्षेत्रीय शहरी विकास योजना			१२	**धरौटी मौज्दात**	४४६५६७५.११	
	ख) सडक बोर्ड नेपाल			१३	**कोष खाताको मौज्दात**		२०३६०९४९
	ग) पर्यटन बोर्ड नेपाल				**प्रकोप व्यवस्थापन कोष**	१८५६०९४९	
	घ) एन एन एस डब्लु ए				**कर्मचारी कल्याण कोष**	१८०००००	
७	**अन्तर सरकारी अख्तियारी**		११४३६२६८९				
	सामाजिक सरक्षा तथा संरक्षण	८६१०५०००					
	राष्ट्रिय परिचयपत्र तथा पंजीकरण	९४६८८७					

	स्थानीय पूर्वाधार तथा साझेदारि विकास कार्यक्रम	२७३१०८०२					
८	विभिन्न कोषतर्फको आय						
	प्रकोप व्यवस्थापन कोष	३१२०३६९२			प्रकोप व्यवस्थापन कोष खर्च	१२६४२७४३	
	कर्मचारी कल्याण कोष	१८०००००			कर्मचारी कल्याण कोष	०	
८	जनसहभागिता (नगद)						
९	विषयगत निकायबाट प्राप्त						
१०	धरौटी आय	८०३७४२४.११					
११	लगानीको साँवा फिर्ता						
१२	अन्य विविध आय						
	जम्मा	६४७८३९९९०.९			जम्मा	६४७८३९९९०.९	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७६।१०।१६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :	
	वित्तीय विवरण विश्लेषण	
१	**वित्तीय विवरण**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्। • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु १३४४२८.०० ले फरक देखिएको छ ।गाँउपालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न बाँकी रहेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको अवस्था छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२	**बैंक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकीन गनुपर्ने रू.	१३४४२८.००

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	संचित कोष	५२०९८६१५.९१	५२०९८६१५.९१	
२	विपद् व्यवस्थापन	१८५६०९४९.००	१८५६०९४९.००	
३	कर्मचारी कल्याण	१८०००००.००	१८०००००.००	
४	पूँजीगत खाता	१०१७९९१६.०४	१०३७३४४.०४	१९४२८.००
५	चालू खाता	७०८१८२५.७०	७१९६८२५.७०	११५०००.००
६	राजस्व खाता	४३५७३७३.००	४३५७३७३.००	
७	धरौटी खाता	४४६५६७५.११	४४६५६७५.११	
	जम्मा	८९३८२३५४.७६	८९५१६७८२.७६	१३४४२८.००

३ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रू.७०८१८२५.७० पूँजीगत खर्च खाताबाट रू.१०१७९११६.०४ आन्तरिक आयबाट रू. ४३५७३७३, राजस्व बाँढफाँड समेत गरी जम्मा रू.१२४५७११४.७४ मिति २०७७ भदौ १ मा मूल संचित कोषमा ट्रान्सफर गरेको छ ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाइयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

	• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठूला सवै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • अधिकांश सडक तथा कुलो-नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिइएको तथा इ-टिडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।	

	• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७३ जनाको दरबन्दी रहेकोमा ३१ दरबन्दी रिक्त रहेको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. १००३५९४२५.९२ तलब खर्च लेखेको पाइयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	

	बजेट तथा कार्यक्रम	
५	**बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री तारादेवी यादवले मिति २०७६।३।९ गते रू. ५८ करोड ६६ लाख २७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
६	**अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रू. १ करोड १ लाख ९५ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम आकस्मिक मर्मत र भैपरी आउने कार्यक्रम शीर्षकमा पुरै रकम खर्च गरेकोछ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
७	**बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८	**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
९	**नीति तथा मार्गदर्शन:** गाउँपालिकाको आ.व. २०७६।०७७ को नीति तथा मार्गदर्शन २०७६ असार ८ गते गाँउसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुन नीति तथा मार्ग दर्शनमा	

उल्लेखित व्यहोराहरूको कार्यान्यनको लागि गाँउपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः

- माटो परीक्षण कार्यमा तीव्रता दिइ नगदेबाली फलफुल तथा पुष्प व्यवसायलाई प्रोत्साहन गर्ने अर्ग्यानिक खेतीलाई विशेष प्राथमिकतामा राख्ने नीति अवलम्बन गर्ने ।
- सामुदायिक विद्यालयहरूलाई बालमैत्री बनाइ विद्यालयमा बालमैत्री शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गर्ने ।
- कृषकहरूलाई बाली तथा पशु बीमातर्फ उन्मुख हुने नीति अवलम्बन गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको आधारभूत विद्यालय र माध्यमिक तहका विद्यालयहरू मध्ये शैक्षिक गुणस्तर भौतिक व्यवस्थापन बालमैत्री कक्षा व्यवस्थापन खानेपानी संचालन बाह्य वातावरणका हिसाबले एक एक विद्यालयलाई नमूना विद्यालयको रुपमा छनौट गर्ने ।
- गाउँपालिकाको पाँच वर्षे गाउँ शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिकाका अस्थायी र करार तथा दैनिक ज्यालादारीका कर्मचारीको कामको आधारमा मूल्यांकन गरी सेवा निरन्तरता दिने ।
- गाउँपालिका क्षेत्रका स्थानीय सडकहरूमा भएका समस्याहरूलाई गाउँपालिकाले तत्काल सम्बोधन गर्न पहल गर्ने र विभिन्न सडकहरूको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- वित्तीय जोखिम न्यून गरिनुका साथै आन्तरिक लेखापरीक्षण शाखालाई व्यवस्थित गर्ने ।

नीति तथा मार्ग दर्शनको कार्यान्वियन हुनु पर्दछ ।

१० **योजनाहरू कार्यान्वयन नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दस गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ को लागि रू. ५८ करोड ६६ लाखको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ५५० बटा योजनाहरू मध्ये यस वर्ष ११४ वटा योजनाहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका रू.१० लाख भन्दा माथिका योजनाहरू देहाय अनुसार छन् ।

सि.नं.	कार्यक्रम/आयोजना/कियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन रू. (हजारमा)
१	वडाभवन निर्माण	३१११२	राजस्वबाँडफाँड - संघीय सरकार	१००००
२	डेङचहवा पिपरहवा पचविरुवा अधुरो सडक कालोपत्रे गापा स्तर	३११५१	नेपालसरकार - समानीकरण अनुदान	५०००
३	सेमरी सडक कालोपत्रे तथा पिसिसि डलान गापास्तर	३११५१	नेपालसरकार - समानीकरण अनुदान	५०००
४	गोनाहा मंगलपुर गोनहिया सडक कालोपत्रे गापा स्तर	३११५१	नेपालसरकार - समानीकरण अनुदान	५०००
५	दुर्गादिवी मार्ग बनगाइ चोक देखि उत्तर सडक कालो पत्रे गापास्तर	३११५१	आन्तरिकश्रोत	५०००
६	कोमरहिया जाने बाटो कालोपत्रे गापा स्तर	३११५१	नेपालसरकार - समानीकरण अनुदान	४०००
७	पूर्वअहिरौलीदेखि पचविरुवासम्म कालो पत्रे तथा कल्भर्ट निर्माणगापा स्तर	३११५१	नेपालसरकार - समानीकरण अनुदान	३५००
८	पथरहिया देखि तेरहो पम्पसम्म पिच	३११५१	नेपालसरकार - समानीकरण अनुदान	२५००

९	मेडरवा पक्की पुल निर्माण गापा स्तर	३११५१	आन्तरिकश्रोत	२५००
१०	सडक स्तरोन्नति हरनामपुर गापा स्तर	३११५१	आन्तरिकश्रोत	२५००
११	मोतिपुर अधुरो नालि निर्माण गापा स्तर	३११५९	नेपालसरकार - समानीकरण अनुदान	२५००
१२	खजुरिया गाउको सडक स्तरोन्नति गापा स्तर	३११५१	आन्तरिकश्रोत	२५००
१३	वेथरि उत्तर टोलमा सडक स्तरोन्नति गापा स्तर	३११५१	आन्तरिकश्रोत	२५००
१४	शिवपुर गाउको सडक स्तरोन्नति गापा स्तर	३११५१	आन्तरिकश्रोत	२५००
१५	पर्तिया भोला चाइको घरदेखि दक्षिण सडक आरसिसि र पक्कि नालिनिर्माण गापा स्तर	३११५१	आन्तरिकश्रोत	२५००
१६	बसडिलवा शिवमन्दिर देखि भुल्ठुको घरसम्म आरसिसि गापा स्तर	३११५१	आन्तरिकश्रोत	२५००
१७	मतकोलवा वेलासको घरदेखि थारु टोलसम्म आरसिसि गापा स्तर	३११५१	आन्तरिकश्रोत	२५००
१८	सर्वजित चौतारी पथमा पक्की नाली निर्माण र कालोपत्रे गापास्तर	३११५१	आन्तरिकश्रोत	२५००
१९	तटबन्द नदी नियन्त्रण	३११५४	आन्तरिकश्रोत	२३००
२०	लालिगुरास पथमा अधुरो पक्की नाली निर्माण	३११११	आन्तरिकश्रोत	१४००

कार्यालयको भनाइः कोभिड १९ महामारीको कारण उपरोक्त योजनाहरू कार्यान्वयन गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ ।

११ **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	असार महिना
चालु खर्चतर्फ	३२१९४१३९९.१७	८६६९१९१८.१६	८६३७९१९३.१९	१४८८७०२८७.८२	८५५७३५९२.०३
पूँजीगत खर्चतर्फ	१९६६४७७०३.१६	१६७८१०४७.१४	२४९३४७०८.०२	१५४९३१९४८	१११५६३४८२
जम्मा	५१८५८९१०२.३३	१०३४७२९६५.३	१११३१३९०१.२१	३०३८०२२३५.८२	१९७१३७०७४.०३
प्रतिशत		१९.९५	२१.४६	५८.५८	३८.०१

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्चतर्फ वार्षिक रू. १९ करोड ६६ लाख ४७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. १ करोड ६७ लाख ८१ हजार अर्थात १९.९५ प्रतिशत, दोश्रो चौमासिकमा रू. २ करोड ४९ लाख ३५ हजार, अर्थात २१.४६ प्रतिशत र तेश्रो चौमासिकमा रू. १५ करोड ४९ लाख ३२ हजार मात्र अर्थात ५८.५८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रू. ११ करोड १५ लाख ६३ हजार अर्थात ३८.०१ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्यक्षेत्र	वार्षिक बजेट	खर्चरकम	कुलखर्चमध्येप्रतिशत
आर्थिक विकास	३६४१५०००.००	२३८४६२६४.००	६.२०%
सामाजिक क्षेत्र	१५९६६७०००.००	१३८५२२६११.६२	३६.०२%
पूर्वाधार विकास क्षेत्र	२४७६२७०००.००	११६३४४८५०.१६	३०.२५%
वातावरण तथा विपद्व्यवस्थापन	१९०००००.००	१९०००००.००	०.५०%
संस्थागत विकास र सेवा प्रवाह	-	-	-
वित्तीय व्यवस्थापन र सुशासन	१३२७७०००.००	६७३२३३७.००	१.७५%
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	१२७७४०५६४।३९	९७२७४६१२।०४	२५.२९%
जम्मा	५८६६२६५६४.३९	३८४६२०६७४.८२	१००.००%

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ३६.०२ प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विपद्व्यवस्थापनमा ०.५० प्रतिशत बजेट विनियोजन गरेको छ ।

१३ **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रू. २८४९६५७०.२७, गत वर्षको मौज्दात रू. ६८६७८६६३.३९, राजस्व बाँडफाँड र अनुदानबाट रू. ३९५६२१८५९.६७ र अन्तर सरकारी अख्तियारीबाट रू. ११४३६२६८९.०० समेत रू. ६०७१५९७८२।- आम्दानी भएकोमा चालु तर्फ रू. ३२१९४१३९९.१७ र पूँजीगत तर्फ रू. १९६६४७७०३.१६ र समेत रू. ५१८५८९१०२.३९ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ७.४० प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रू. ५९४५५००।— खर्च भएको छ जुन आन्तरिक आयको २०.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.०८ प्रतिशत चालु र ३७.९२ प्रतिशतमात्र पूँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ **लक्ष्य प्रगतिः** कार्यालयले चौमासिक र वार्षिक स्तरक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	५५०	११४	६२	१४६	२२८

१५ **ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट २३ वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो चौमासिकमा ४ वटा र तेश्रो चौमासिकमा १९ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा मात्र ठेक्का सम्झौता गरी प्रगति

शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।

१६ **ठेक्काको विवरण**- निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

१७ **खरिद कार्यमा प्रतिस्पर्धाको स्थितिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोछ ।साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान रहेको छ ।कार्यालयले यस वर्ष २३ वटा निर्माण तथा खरिद कार्य ठेक्का मार्फत गरेको छ । उक्त मध्ये १ ठेक्कामा ४५.४७ प्रतिशत घटी र १० ठेक्कामा ३० प्रतिशत भन्दा घटीमा ठेक्का प्रतिस्पर्धा भएको देखिन्छ । कार्यालयले यस वर्ष ५ प्रतिशत भन्दा घटी प्रतिस्पर्धा भएका ५ वटा ठेक्का देहाय अनुसार छन् ।

क.सं.	कार्यक्रमको नाम	ठेक्का नंबर	बोलपत्र बिक्री सङ्ख्या	बोलपत्र दाखिला सङ्ख्या	लागत अनुमान	स्वीकृत रकम	घटी प्रशिशत
१	मटकोल्वामा लुम्बिनी प्रेस क्लब भवन निर्माण	MRMUN/15/2076-77	२	२	४८७२२०४.९१	४७९८४०५.४९	१.५१
२	शुक्रौली हाटबजार देखि दक्षिण बरेवा उच्च मा.वि. जाने सडक निर्माण गर्ने काम	MRMUN/18/2076-77	२	२	७६७१७६०.६	७५६९५९५.७९	१.३३
३	बेथरी उत्तर टोल जाने सडक स्तरोन्नति गर्ने काम।	MRMUN/17/2076-77	१	१	७६७१७६०.६	७५६९५९५.७९	१.३३
४	सडक मर्मत गर्ने काम ।मायादेवी- ३ कुट्टा छपिया सडकको शुक्रौली खाण्ड	MRMUN/24/2076-77	३	१	९७३८९८.४७७८	९७०९८१.४३	०.३०
५	ह्याण्ड पम्प खरिद गर्ने काम।	MRMUN/Goods/26/2076-77	७	३	१९३९९६१.४	१९,३७,७२४.६०	०.१२

संगठन तथा कर्मचारी ब्यवस्थापन

१८ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७३ जना दरबन्दी

	स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैटौं १ जना, आलेप सहायक १ जना लगायतका पदहरू रिक्त देखिन्छ । त्यसैगरी स्वास्थ्य तर्फ ५० जनाको दरबन्दी रहेकोमा ४५ जना पदपूर्ति गरेको छ ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१९	**कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३८ जना कर्मचारीहरू करारमा राखि रू. ८३३५४५३.२२ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक स्वास्थ्य तर्फ १ जना, कृषि प्राविधिक २ कम्प्युटर अपरेटर ४ जना, प्राविधिक तर्फ १३ समेत २० जना करार नियुक्ति गरी बर्षभरीमा रू. ३८३१०००.०० भुक्तानी गरेको अनियमित देखिएको रू.	३८३१०००.००
२०	**कल्याण कोष**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोषामा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाडबाट कर्मचारी कल्याण कोषमा रू. ६२८२२०।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी राजस्व बाँडफाडबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रू.	६२८२२०.००
२१	**सवारी लगबुक:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ । पालिका अध्यक्षको तोक आदेशमा पालिकासँग असम्बन्धित व्यक्तिहरूलाई सवारी लगबुक बेगर रू. ५२०५००.०० इन्धन खर्चमा भुक्तानी दिएको देखिन्छ । कार्यालयको उद्देश्य बेगर लगबुक नराखी इन्धन खर्च लेखु नियमसंगत नदेखिएको रू.	५२०५००.००
२२	**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रू. १२७६३८५।- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रू.	१२७६३८५

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

२४ **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट नागरिकता सिफारिस १७९० वटा, घर बाटो सिफरिस २९ वटा, नाता प्रमाणित १५० वटा र जन्म मृत्यु दर्ता ३१२८ वटा गरेको विवरण प्राप्तभएको छ । पालिकाले पूर्वाधार विकासमा ३०.२५ प्रतिशत बजेट खर्च गरेको भएपनि कालोपत्रे सडक निर्माण, कालोपत्रे सडक मर्मत, ग्राभेल सडक निर्माणको भौतिक प्रगतिको विवरण अध्यावधिक गरेको छैन ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालन सन्तोष जनक देखिएन ।

२५ **योजना छनोट र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक नगर विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
६५	८०	१४७	१७५	८३	५५०

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख सम्मका जम्मा ५५० वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र ६५ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

२६ **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि

	र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ३ वटा नियमावली, १२ वटा कार्यविधि लगायत २८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले २८ वटा कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि ३ वटा कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।	
२७	**न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो बर्ष थप भएको ३ गरी कुल १७ विवाद दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई १२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२८	**निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । गाउँपालिकाले कृषि औजार, ह्याण्ड पम्प, सिंचाइ बोर जडान लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।	
२९	**आन्तरिक लेखापरीक्षण**- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
३०	**आन्तरिक लेखापरीक्षण शाखा :**प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस	

गाँउपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

पदाधिकारी सुविधा

३१ **पदाधिकारी सुविधा**- लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरू खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनुसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरूले मासिक पारिश्रमिक वापतको सुविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको साउन देखि असोज सम्म मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रू. १४ लाख ५५ हजार खर्च लेखेको देखिन्छ ।

सि.नं.	विवरण	प्रमुख	उपप्रमुख	वडा अध्यक्ष ८	कार्यपालिका सदस्य ६	सभाका सदस्य२८ जना	कुल खर्च
१	मासिक सुविधा	३००००	२७०००	१६००००	७२०००	१९६०००	१४५५०००

३२ **स्वकीय सचिव र सल्लाहकार**- लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँ/नगर प्रमुखको स्वकीय सचिवका रुपमा कार्यालय सहायक स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री पदमपाणी भण्डारीलाई १२ महिनाको ज्यालादारीमा वार्षिक रू. २३०६४०।—भुक्तानी भएको छ ।

३३ **स्थानीय तहका पदाधिकारी सुविधा** :ने पालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम ९ महिनाको रू. ४४९०५००।- सुविधा वापत भुक्तानी भएको छ ।

	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ८ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २८ जना	जम्मा
	बैठक भत्ता	२५२००	२५२००	२०१६००	१५१२००	७०५६००	११०८८००
	यातायात खर्च		१२०००	१००००	३६०००	८४०००	१४२०००
	टेलिफोन,मोबाइल	३५००	४०००	२४०००	१८०००	५६०००	१०५५००
	पुस्तक, पत्रिका,ईन्टरनेट	४०००	३०००	२४०००		७००००	१०१०००
	अतिथि सत्कार	६०००	५०००	३२०००			४३०००
	खानेपानी/बिजुली/सरसफाई	५०००	५०००	१६०००			२६०००

	मर्मत संभार	५०००	५०००	१६०००			२६०००
	जनसम्पर्क	१००००	८०००	४८०००	३००००	८४०००	१८००००
कुल जम्मा		४४९०५००.००					

३४ **खाना तथा विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रू.१४९९२१९।- खर्च गरेको छ ।

३५ **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रू. २४१७३२२।-आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

अनुदान फिर्ता, वितरण र उपयोग

३६ **अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेको रकम संघीयको सरकारको रू. २०१०७९२१.४८ मिति २०७७।४।२८ र रू. ५५५९१२३ मिति २०७७।७।२५ मा र प्रदेश सरकारको मिति २०७७।४।२८ मा रू. ५००११४१.११ समेत जम्मा रू. ३०६६८१८५.५९ फिर्ता गरेको छ ।बाँकी रू. १५६९९३३०.८९ मिति २०७८।३।२० मा फिर्ता गरेको भौचर प्रतिक्रिया साथ पेश भएको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
संघीय सरकार	शसर्त	१३५०६५०००.००	१०९३९७९५५.५२	२५६६७०४४.४८
	विषेश	०.००	०.००	०.००
	समपुरक	२०८०००००.००	८६९३५२८.००	१२१०६४७२.००
	अन्य	०.००	०.००	०.००
प्रदेश सरकार	शसर्त	१४००००००.००	१११५७०००.००	२८४३०००.००
	विषेश	५२०००००.००	३१३२०००.००	२०६८०००.००
	समपुरक	६७५००००.००	३०६७०००.००	३६८३०००.००
	अन्य	०.००	०.००	०.००
	४६३६७५१६.४८	४६३६७५१६.४८	४६३६७५१६.४८	४६३६७५१६.४८

३७ **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकीन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

भौ.नं. र मिति	कार्यक्रम	रकम	कैफियत
९६, २०७६।०६।१४	उचुम्ही टोल विकास संस्था	५००००।-	नगद अनुदान
९६, २०७६।०६।१४	बसडिलवा टोल विकास संस्था	५००००।-	नगद अनुदान
९६, २०७६।०६।१४	मतकोलवा टोल विकास संस्था	५००००।-	नगद अनुदान
९६, २०७६।०६।१४	सर्वजित टोल विकास संस्था	५००००।-	नगद अनुदान
७, २०७६।०६।११	हिँउदे घाँसको वितरण	३९९९००।-	
३४, २०७६।११।०७	गहुँको बीउ वितरण	४४०४९४।-	
१२, २०७६।०६।१६	काउ म्याट वितरण	१५००००।-	
४४, २०७७।०२।२०	घाँसको बिउ वितरण	९९९००।-	
५२, २०७७।०३।२३	टिस्यु कल्चरको लागि केरा खेती	१९९९७५०।-	
५७, २०७७।०३।३०	व्यावसायिक च्याउ खेती	१८९०००।-	
१६, २०७६।०३।२३	च्याप कटर	४६२०००।-	

३८ **नाफामूलक संस्थालाई अनुदान**- २८६-२०७७।३।३१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष नाफामूलक संस्था आर.डि. माछा फारमलाई पूँजीगत अनुसन्धान तथा परामर्श खर्चमा लागि रू. ५ लाख अनुदान उपलब्ध गराएको छ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३९ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**- पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमूना छनोटको आधारमा परीक्षाण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, व्यक्ति, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू.१३६१३४९.०० भुक्तानी दिएको पाइयो ।

भौ.नं. मिति	भुक्तानी पाउनेको नाम	प्रयोजन	शीर्षक	रकम
विभिन्न भौचरबाट	विभिन्न ७ जना	दुर्गा पुजा		१३००००.००
३२—२०७६।६।२८	जीवन प्र. बानिया	छात्रवृत्ति		६००००.००
६२—२०७६।९।१	तिलौरी नि.मा.वि.	भवन उद्घाटन	आकस्मिक मर्मत सम्भार	१४६३७.००
११४—२०७६।१२।७	पुन्वासी तेली	क्षतिपूर्ति भुक्तानी	,,	६६०६१.००
१२७—२०७७।१।२८	विष्णु यादव	सार्वजनिक जग्गा संरक्षण उपसमिति	जग्गा संरक्षण	६०५००.००
१२७—२०७७।१।२८	वलराम यादव	जग्गा नाप नक्सा	आकस्मिक मर्मत सम्भार	३३८६५.००
,,	राम प्रसाद काहर	,,	,,	४५१४६.००
१७७—२०७७।३।३	विष्णु यादव	सार्वजनिक जग्गा संरक्षण उपसमिति	जग्गा संरक्षण	६०५००.००
२८८—२०७७।३।३१	निरञ्जन गुप्ता	३७ जनालाई आर्थिक सहायता	शौचालय सुधार	४०६६४०.००
२८९—२०७७।३।१४	विभिन्न व्यक्ति	३ जनालाई आर्थिक सहायता	शौचालय सुधार	३४०००.००

२३२–२०७७।३।२७	रूपन्देही मत्स्य तथा माघी महोत्सव	माघी महोत्सव	समपुरक कोष	३०००००.००
२५१–२०७७।३।२९	विभिन्न व्यक्ति	दैनिक भ्रमण भत्ता	जग्गा संरक्षण	१५००००.००
जम्मा				१३६१३४९

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

४०	**क्षतिपूर्ति भुक्तानीः** १०८—२०७६।१२।३ आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(१) अनुसार नयाँ आर्थिक वर्ष शुरु भएपछि कार्यालय प्रमुखले नियम ३२ बमोजिम निकासा लिई बजेटको सीमा भित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्छ ।आकस्मिक मर्मत सम्भारमा छुट्र्याएको रू. ५० लाखमध्येबाट श्री सन्तेश्वर प्रा.वि.को भवन निर्माण गर्दा शाह मोहम्मद मुलमानको शौचालयमा क्षति भएको कारण जनाई वडाको सिफारिसको अनुसार प्राविधिक मूल्यांकन तथा कार्य सम्पन्न गरेको प्रमाण वेगर रू. १२८९९३।- क्षतिपूर्ति भुक्तानी दिएको अनियमित देखिएको रू.	१२८९९३.००
४१	**हर्जनाः** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(१) अनुसार नयाँ आर्थिक वर्ष शुरु भएपछि कार्यालय प्रमुखले नियम ३२ बमोजिम निकासा लिई बजेटको सीमा भित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्छ ।मायादेवी गाउँपालिकाको थाप २०७६।७७ मा आन्तरिक आय संकलनको लागि वार्ड नं. १ को धमौली नाकामा रु सात लाख एकहजार र वडा नम्बर २को महादेवानाकामा रू.६ लाख गरी जम्मा १३लाख एक हजारमा पूर्णबासी तेलीले ठेक्कापट्टा लिइ ५ लाख २० हजार ४ सय मात्र दाखिला गरी उक्त ठेक्का संचालन गरेकोमा मिति २०७५।६।२९ मा प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि किसिमको चुंगी कर लिन नपाउने निर्णय गरेकोले निजले अदालतमा मुद्दा दायर गरेको र अदालतले निजले कार्यालयमा जम्मा गरेको रकमको रकमको व्याज दिनु भनी आदेश दिएकोले निजलाई २०७५।४।७ देखि २०७६।७।१४ सम्म १५ महिना ७ दिनको रू. ५२०४०० को १० प्रतिशतले हुने रू. ६६०६१.०० आकस्मिक मर्मत सम्भार शीर्षकबाट भुक्तानी दिएको अनियमित देखिएको रू.	६६०६१.००
४२	**बढी भुक्तानीः** १५९-२०७७।२।२२सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने र उपनियम (३) मा यस नियमावली बमोजिम अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रुपैंयाँमा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ । आकस्मिक मर्मत सम्भार शीर्षकबाट वार्ड नं. १ को स्वास्थ्य चौकी तथा वडा कार्यालयमा टिनको छाप्रो निर्माणको लागि लागत अनुमान रू. १२८७४४.७७ को कार्य अमानतबाट गर्न किसुन ढाडीलाई दिएको छ । उक्त कार्यको मूल्यांकन रू. ९७२०२.३२ भएकोमा निजलाई रू. १२३८८१.०० भुक्तानी दिएको छ । मूल्यांकन भन्दा बढी रू. २६६७८.६८ भुक्तानी दिएको असुल गर्नु पर्ने रू.	२६६७८.६८
४३	**महोत्सव तथा अन्य खर्च**- स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल १३ लाख धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ ।	
४४	**वितरणमुखी कार्यक्रम**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । मायादेवी गाउँपालिकाको आ.व. २०७६।७७ को बजेट बक्तव्य अनुसारह्याण्ड पाइप वितरण के लागि गाउँपालिकाको बजेटबाट रू. १९ लाख ५३ हजार, एक देखि आठ नं. वडाको रू. ५३ लाख ५० हजार समेत रू. ७३ लाख ३ हजार बजेट विनियोजन गरेको छ । उक्त कार्यक्रमबाट १३२ जनालाई हेण्ड पाइप वितरण गरेको र हेण्ड पाइप बुझिलिने मध्ये ३६	

	जनाको लागि जडानमा खर्च गरेको विल भपाई पेश भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्:	
४४.१	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गराई नियम १४ अनुसार लागत अनुमान स्वीकृत गराइ मात्र कार्य गराउनु पर्ने व्यवस्था गरेको छ । नमूना छनोटको आधारमा परीक्षण गर्दा देहाय अनुसारका भौ.नं. ३०० र मिति २०७७।३।३१ बाट १२६ थान ह्याण्ड पाइप वितरण गरेकोमा प्रतिएकाई लागत खुल्ने गरी लागत अनुमान स्वीकृत गराएको छैन । कार्यालयमा प्राप्त १८७ निवेदनको आधारमा गाउपालिका अध्यक्षको सिफारिस अनुसारका व्यक्तिलाई विवरण गर्ने गरी ह्याण्ड पाइपको सामग्री खरिदको भुक्तानी आपूर्तिकर्ता गुप्ता ट्रेडर्स एण्ड सप्लायर्सलाई गरेको छ । घर परिवारको छनोटको आधार, गत विगत वर्षमा उक्त सुविधा उपभोग गरे नगरेको अवस्था, ह्याण्ड पाइपको आवश्यकता, प्रति एकाई लागत समेत नखुलाई लेखेको खर्चको सम्बन्धमा एकीन गर्न सक्ने अवस्था छैन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
४४.२	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । मायादेवी गाउँपालिकाको वार्ड नं. एक देखि आठको लागि हेण्ड पाइप वितरणमा रू. ५३ लाख ५० हजार बजेट विनियोजन गरेकोमा उपभोक्ता समिति मार्फत कार्य गराई रकम भुक्तानी गरेको छ । यसरी जडान भएका हेण्ड पाइप लाभग्राही समदायलाई हस्तान्तरण गरेको दखिएन । नियमानुसार उपभोक्ता समितिलाई रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी लाभग्राही समुदायलाई स्वामित्व हस्तान्तरण गर्नु पर्दछ ।	
४५	**अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । वार्ड नं. ३ का वडाध्यक्षको सिफासिरमा सशस्त्र प्रहरी बल (गाउँपालिका भन्दा बाहिर रहेको) लुम्बिनीमा सोलार जडान गरे वापत रू. ९८९९८।- र वार्ड नं. ६ को सिफारिसमा दुर्गौली प्रहरी चौकीमा काँडेतार बार कार्यको रू. २०००००।-, वार्ड नं. ३ को सिफारिसमा इलाका प्रहरी कार्यालय, बेथरी रुपन्देहीलाई रू.३३५५१२।-समेत रू. ६३४५१०।- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
४६	**वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१८ करोड ६१ लाख ३८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
४७	**सवारीसाधन खरिद-** स्थानीय सरकार सञ्चालन ऐन २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण	

सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. **५.१५** अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान मोटरसाइकल खरिदमा रू.११८३१२९।- बजेटबाट खर्च गरेको छ ।सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधान उपयोग गर्नु पर्दछ ।

कर दस्तुर एवं आन्तरिक आय

४८ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय/व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.१४८६२८६६३.३९ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रू.९७१७५२३३.६६ अर्थात अनुमान भन्दा ३४.६२ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४९ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३२७४९३०००.००	२८४९६५१७.२७	८.७०

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.७० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५० **कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पत्ति कर	२,०००,०००.००	८९०,२८५.००	४४.५१
भूमिकर/मालपोत	२,०००,०००.००	१,२२४,१०२.००	६१.२१
घर जग्गा रजिष्ट्रेशन दस्तुर	-	३२५,५५७.००	
घर बहाल कर	५००,०००.००	१,३२१,२२८.००	२६४.२५
बहाल विटौरी कर	३१०,०००.००	२६,५४०.००	८.५६
वाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	१५,०००.००	१४५,०००.००	९६६.६७
वाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	१००,०००.००		०.००
अन्य बिक्रीबाट रकम (राजपत्र, पुस्तक, नक्शा आदि)		२,०००.००	
अन्य सेवा शुल्क तथा बिक्री (पार्क, वनभोज स्थल, भ्यू टावर तथा ढुङ्गा, गिट्टी, वालुवा बिक्री समेत)	३७,५००,०००.००	५,१९४,५५५.००	१३.८५
न्यायिक दस्तुर (न्यायिक समितिको समेत)		८,५००.००	
अन्य प्रशासनिक शुल्क (बोलपत्र फाराम बिक्री समेत)		९९,०५८.००	
सिफारिस दस्तुर	२,५००,०००.००	२,२०५,५४६.००	८८.२२

व्यक्तिगत घटना दर्ता विलम्व दस्तुर		७०,७००.००	
अन्य दस्तुर		४९९,४४४.००	
प्रशासनिक दण्ड जरिवाना र जफत (ठेक्का पट्टा र अन्य नक्शा पाससमेत)		१,६८५,८९४.००	
अन्य राजस्व (माथिका अन्य शीर्षकमा नपरेका)	१७५,०००.००	१,२५१,६८०.००	७१५.२५
व्यवसाय कर	२,५००,०००.००	१,११९,६५०.००	४४.७९
कुल जम्मा	**४७,६००,०००.००**	**१६,०६९,७३८.००**	

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

५१ **असुली गर्न बाँकी आन्तरिक आय-** यस स्थानीय तहले आर्थिक बर्ष २०७६।७७ मा बन्दोबस्त गरेको आन्तरिक आय ठेक्का सम्झौतामा छुट नहुन शर्त उल्लेख छ । मायाँदेवी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय अनुसार देहायका ठेक्कामा कोरोना महामारीको कारण देखाइ मिति २०७७ चैत्र देखि असारसम्मको १२० दिनको देहाय अनुसारका चार व्यवसायीलाई रू. २०५३८२७। राजस्व छुट दिएको अनियमित देखिएको रू २०५३८२७

सि.नं.	ठेकेदारको नाम	आय ठेक्काको नाम	सम्झौता रकम	दाखिला रकम	छुट दिएको रकम
१	प्रताप मौर्य	बेथरी हाट बजार	३३००००.००	३३००००.००	१०८४९३.००
२	सोमनाथ गुप्ता तेली	पेपर मिल नाका	१५०५०००.००	१०१०२०५.००	४९४७९५.००
३	राजमन भर	महुवारी नाका	३०५००.००	२०१७०५.००	९८७९५.००
४	शाहजाड आलम खान	सिद्दार्थ नाका	४१११५५५.००	२७५९८११.००	१३५१७४४.००
	जम्मा				२०५३८२७.००

५२ **राजस्व अभिलेख :**कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकीन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

५३ **राजस्व दाखिला :**आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडाको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजस्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने रू. ४०६३.०५

वडा न	वडा सचिवको नाम	आय असुलि अवधि	ढिला दाखिला रकम	बैंक दाखिला मिति	ढिला दिन	जरिवाना
६	मंगला शर्मा	माघ	४०६३५	०७७.०३.२३	१४३ दिन	४०६३.५

५४ **सवारी कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम रू. १४५०००।—सवारी कर उठाउने लक्ष्य राखेको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५५ **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कुनै पनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर एकीन गरी असुल गर्नु पर्दछ ।

५६ **व्यवसाय कर**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु१८३२००। कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

५७ **मूल्य अभिवृद्धि कर कट्टी**- आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रू. १०३३५६.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

भौ.नं. र मिति	फर्मको नाम	मू.अ.कर सहितको भुक्तानी	५० प्रतिशतले हुने रकम
८५ २०७६।०६।१२	करणी इन्टरप्राइजेज	२४८०९५.८५	१४२७१.००
७२ २०७६।०६।०९	Phoenix Solutions	४००२८०.७७	२३०२५.००
६३ २०७६।०६।०४	करणी इन्टरप्राइजेज	४९८९७३.२३	२८७०२.००
१४४ २०७६।०६।३०	स्मार्ट टेक सोलुसन प्रा.लि.	१४९९९४.४६	८६२८.००
२०३ २०७६।०७।२७	श्रेष्ठ कन्सल्टयान्ट	४९९४६०	२८७३०.००
जम्मा			१०३३५६.००

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रू. १०३३५६.००

५८ **नन्फाइलर**- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू. १४७८०९१.६५ समेत रु१२८१५९४५.५६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	नन्फाइलर रहेको मिति	भुक्तानी रकम	मूअकर कर रकम
४२—२०७६।६।३०	तुन सप्लायर्स	६०८१०९७१६	२०७५।M।१२	९८१८४.००	११२९५.५०
४२—२०७६।६।३०	न्यू चौसासिया सप्लायर्स	६०७३९२३७१	२०७६।M।१०	५४२८९.००	६२४५.६४
६१—२०७६।८।२६	कान्त सप्लायर्स	६०३२५५५३७	२०७६।M।११	४८६०२५.३०	५५९१४.३०
९३-२०७६।११।१४	ब्रइट – श्रीखण्डपुर जे.भी.	६०८०१०८०९	२०७६।M।११	८५०५२४५.०२	९७८४७९.५०
१९१—२०७७।३।१५	कान्त सप्लायर्स	६०३२५५५३७	२०७६।M।११	३६३९६१.७	४१८७१.७
१९४—२०७७।३।१८	कान्त सप्लायर्स	६०३२५५५३७	२०७६।M।११	४९९०६४.५	५७४१४.५
२१५—२०७७।३।२३	कान्त सप्लायर्स	६०३२५५५३७	२०७६।M।११	९५६२३४.२५	११०००९.२५
२३१—२०७७।३।२७	कान्त सप्लायर्स	६०३२५५५३७	२०७६।M।११	४६९२१४.४२	५३९८०.४२
२५४-२०७७।३।२९	अमित सप्लायर्स	६१२५३११९४	२०७७।M।२	७७१४९३.३७	८८७५५.८८
२७३-२०७७।३।२९	अमित सप्लायर्स	६१२५३११९४	२०७७।M।२	११८६५०.००	१३६५०.००
२८०-२०७७।३।३१	अमित सप्लायर्स	६१२५३११९४	२०७७।M।२	२४६७९२.००	३२०८२.९६
२८३-२०७७।३।३१	अमित सप्लायर्स	६१२५३११९४	२०७७।M।२	२४६७९२.००	२८३९२.००
जम्मा					१४७८०९१.६५

	कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.	१४७८०९१.६५
५९	**बहाल करः** भौ नं ०९ २०७६।०७।१४ आय कर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले छठपर्वको लागि प्रताप मौर्यलाई भुक्तानी दिएको बील भर्पाइमा टेन्ट भाडा बापतको भुक्तानीमा रू.५१००.०० बहाल कर कट्टा गरि दाखिला गर्नुपर्ने रू.	५१००.००
	उपभोक्ता समिति मार्फत कार्य	
६०	**प्राविधिक बील र कार्य सम्पन्नः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
६१	**सम्झौता भन्दा बढी भुक्तानीः** १५७—२०७७।२।२२आर्थिक कार्यविधि नियमावली, २०६४ को यिमम ३६(१) मा नयाँ आ. व. शुरु भएपछि कार्यालय प्रमुखले नियम ३२ बमोजिम निकासा लिई बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । गोहना सुवासको घरदेखि उत्तर तर्फ जाने बाटो आरसीसी तथा पक्की नाली निर्माण कार्यको लागि रू.२० लाख बजेट विनियोजन भएकोमा जनसहभागिता समेत रू.२१६१६३०.५५ को लागत अनुमान स्वीकृत भएको छ । प्राविधिक मूल्यांकन अनुसार उपभोक्ताले रू.२३२५४०५.६९ को काम भएको भनी रू. २१६५०००।— भुक्तानी गरेको पाइयो ।लागत अनुमान भन्दा थप १० मिटर बढी काम भएको मूल्यांकनमा देखाए पनि नियम अनुसार भेरिएशन स्वीकृत समेत गराएको देखिएन । विनियोजित बजेट भन्दा रू. १६५०००.०० बढी उपभोक्ता समितिलाई भुक्तानी दिएको अनियमित देखिएको रू.	१६५०००.००

६२ **जनश्रमदान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बील भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रू. ८३४३.३६

गोभौनं./मिति	उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	उपभोक्ता ले व्यहोर्ने %	घटी अनुपातिक कट्टी रकम
६०-२०७६।८।२५	लुक्ठहवा टोल विकास संस्था	८३४३३.६२	८५९४८.४३	१०	८३४३.३६

६३ **मू. अ. करभुक्तानी** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरू गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । पालिकाले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामग्रीको मूल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ । लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका उपभोक्ता समितिले पेश गरेको मू.अ. कर बीजक भन्दा बढी मू.अ.कर थप गरी भूक्तानी दिएको मू.अ.कर रू. १८३८८.१९ असूल हुनुपर्ने देखिएको रू. १८३८८.१९

भौ.नं. मिति	उपभोक्ता समिति	मू.अ.कर रकम		
		वीजक अनुसार	मूल्यांकन अनुसार	असुल गर्नु पर्ने रू.
१६३–२०७७।२।१५	सिंचाइ बोर जडान	८०५४५.४४	९६२०८.८४	१५६६३.४०
विपद् व्यवस्थापन चालु				
८९–२०७७।२।३२	हेण्ड पम्प, तिनाउ मा.वि	०	३७२५.५०	३७२५.५०
जम्मा				१९३८८.९

६४ **बीजक भन्दा बढी मूल्यांकन**–९९–२०७६।११।१९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ९६० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका बील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । अधुरो समईमाई भवन निर्माण कार्यको आर.सि.सि. को लागि फलामे डण्डी काट्ने, मोड्ने, नक्सा अनुसारका ठाउँमा राख्ने कार्यको दर विश्लेषण अनुसार फलामे डण्डीको प्रति केजी रू. ८९.१२ राखेको छ । उपभोक्ता समितिले पेश गरेको हाजी सप्लायर्सको मिति २०७६।१०।६ को बील नं. ३७९ अनुसार मू.अ.कर समेत रू. ६८.९३ रहेको छ । प्राविधिकले गरेको नापी अनुसार उक्त कार्यमा १७०५.८१ केजी फलामे डण्डी प्रयोग गरेको देखाएको छ । खरिद मूल्य र मूल्यांकन अनुसार डण्डीको मूल्यमा रू. २०.९१ को दरले १७०५.८१ केजीको रू. ३४४४०.३० बढी व्ययभार परेको देखिएको रू. ३४४४०.३०

६५ **उपभोक्ता समिति व्यवस्थापन खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रशासनक खर्च समावेश गर्न पाइने व्यवस्था छैन । गाउँपालिकाको कारोवारको नमुना छनौट गरी हेर्दा देहायका उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा सोको लागत अनुमान तयार गर्दा प्रशासनिक खर्च समेत समावेश गरी लागत अनुमानको दरमा नै भुक्तानी गरेको पाइयो । यस प्रकारको खर्च नियन्त्रणमा कार्यालयको ध्यान जानुपर्दछ ।

भौ.नं. र मिति	कार्य	उपभोक्ता समिति	कूल भुक्तानी	व्यवस्थापन खर्च
८३-२०७६।१०।१६	पक्की नाली निर्माण	तालिम केन्द्रको अगाडि पक्की नाला निर्माण	५०००००.००	२०००.००
९८-२०७६।११।१८	पक्की नाली निर्माण	कम्हरिया वडा कार्यालयदेखि सुकैको घरसम्म	४९७२००.००	२०००.००
८४-२०७६।१०।१७	विद्युतीकरण	वडास्तरीय विद्युतीकरण उपभोक्ता समिति	७५५१४६.००	२०००.००
८८-२०७६।१०।२८	कम्पाउण्ड वाल	तिनाउ मा.वि. कम्पाउण्ड वाल निर्माण	५४२७०७.२०	२०००.००
८९-२०७६।११।१	सडक स्तरोन्नती	खरिहन टोल सडक स्तरोन्नती	८५११२८.००	२०००.००
१६३-२०७७।२।१५	सिंचाइ	सिंचाई बोर जडान	१६२०१४६.००	२०००.००
१२९-२०७७।१।३०	विद्युतीकरण	वडास्तरीय विद्युतीकरण उपभोक्ता समिति	१६२१९३२.१५	२०००.००

स्थलगत निरीक्षणः

६६ मायादेवी गाउँपलिकाका अध्यक्ष श्री ध्रुवनारायण चौधरी, कार्यकारी अधिकृत श्री ऋषिराम पन्थी, लेखाअधिकृत श्री ओमेश कुमार गैरे, वार्ड नं. ४ का वडाध्यक्ष श्री धनपाल मल्लाह, गाउँपलिकाका प्राविधिक र लेखापरीक्षण टोली सहित २०७७ पुस ३ गते छनोटका आधारमा यस वर्ष सम्पन्न भएका ४ योजनाहरूको स्थलगत निरीक्षण गर्दा देहाय अनुसार रहेको पाइयो ।

६७ दुर्गा मन्दिरः २०७५ साल देखि निर्माणाधिन यस मन्दिरको लागि आ.व. २०७५।७६ मा ५ लाख र आ.व. २०७६।७७ मा १ लाख समेत रू. ६ लाख बजेट विनियोजन भएको कार्यालयको अभिलेखबाट देखिन्छ । यस आर्थिक वर्ष भएको कार्यको रू. १०३२२१।१९ मूल्यांकन गरी उपभोक्ता समितिलाई रू. ९३८००।- भुक्तानी भएको छ । योजनामा मन्दिर भनिए पनि २ कोठे घरको रुपमा निर्मित यस संरचनामा कुनै मूर्ति राखिएको छैन । झ्याल ढोका समेत नराखिएको यस संरचना रंगरोगन लगायतको कार्य बाँकी रहेको देखिन्छ । वार्ड नं. ४ का वडाध्यक्ष श्री धनपाल मल्लाहको भनाई अनुसार उक्त संरचना बनेको जग्गा समेत कैलाश मल्लाहको नाममा रहेको छ । सम्झौता अनुसार कार्य नगर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्दछ ।

६८ काली मन्दिरः २०७५ साल देखि निर्माणाधिन यस काली मन्दिरको लागि आ.व. २०७५।७६ मा ३ लाख र आ.व. २०७६।७७ मा ५ लाख समेत रू. ८ लाख खर्च भएको कार्यालयको भनाई रहेको छ । योजनामा मन्दिर भनिए पनि ३ कोठे घरको रुपमा निर्मित यस संरचनामा कुनै मूर्ति राखिएको छैन

। भवनमा झ्याल, ढोका रंगरोगनको काम भएको छैन । घरको एक कोठामा ट्युवेल रहेको र ढलान समेत नगरेको यस संरचनामा कम्पाउण्डमागेट राखिएको छैन । यो संरचना उपयोग विहिन अवस्थामा रहेको छ ।

सशर्त कार्यक्रमतर्फ

६९ **शिक्षक दरवन्दी र पदपूर्ति** -स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २० सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्येकरार	विद्यार्थी संख्या
१	श्रीतिलौरी नि.मा.वि., मायादेवी -२	४	४	४	१९४
२	श्री जनताप्रा.वि., मायादेवी-३	१	१	०	२१९
३	श्री तिनाउआ.वि. बेथरी, मायादेवी -६	५	५	२	३५१
४	श्री सेमरीमा.वि.सेमरी, मायादेवी -४	१२	११	८	६९७
५	श्रीबर्सौली प्रा.वि., मायादेवी -५	३	२	०	१४४
६	श्रीजनजागृति नि.मा.वि., मायादेवी १	८	८	२	५५९
७	श्रीसुण्डी मा.वि. बनकसिहा,	६	६	२	७००
८	श्री नवजागृति आ.वि. मायादेवी -१	७	५	३	४५१
९	श्रीसन्तेश्वर प्रा.वि., मायादेवी -२	१	१	०	१७४
१०	श्री हाजीऐनायतुल्लाह सा.मा.वि.	१८	१७	७	५८४
११	श्री बरेवामा.वि.बरेवा, मायादेवी -३	२०	२०	४	६७५
१२	श्रीगैरगट्टी रामदुलारे मिश्र मा.वि-७	१०	८	२	३५९
१३	श्रीभिलरहवा मा.वि.मायादेवी -२	७	६	२	४३५
१४	श्रीगुरुवानी माई मा.वि. मायादेवी -५	९	८	५	५६५
१५	श्रीसिद्धार्थबाल निकेतन केदार पाण्डेय-७	६	६	२	११८१
१६	श्रीकोटहीमाई प्रा.वि. मायादेवी- ५	१	१	०	१२७
१७	श्री जनहितप्रा.वि. मायादेवी- १	५	४	१	१२६
१८	श्रीसरस्वती प्रा.वि. शिवपुर	२	२	२	१४४
१९	श्रीलुकठहवा मा.वि.मायादेवी ५	६	५	२	५०१
२०	श्रीजनचेतना आ.वि. मायादेवी ८	६	६	१	२७२
	जम्मा	१३७	१२६	४९	८४५८

७० विद्यालयगत निकासा रजिष्ट्रर –अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।

७१ **अनुदानको अनुगमन**ः बिद्यालय क्षेत्र बिकास कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियमकलाप नं.२.९५.११.७७६ मा परम्परागत शिक्षा दिने गुरुकुल,आश्रम,गुम्बा,मदरसा सामुदायिक बिद्यालय सार्वजनिक शैक्षिक गुठि वा बैकल्पिक शैक्षिक कार्यक्रमका रुपमा अनुमति लिई संचालनमा रहेका

<table>
<tr><td></td><td>बिद्यायहरूलाई एकमुष्ठ अनुदान दिने व्यबस्थाछ । यस्ता बिद्यालयहरूलाई अनुदान निकासा दिनु भन्दा पहिले नै सम्बन्धित कर्मचारीबाट स्थलगत निरीक्षण गरी तोकिए बमोजिमको संख्यामा बिद्यार्थी नियमित रुपमा अध्यनरत भएमात्र निकासा दिने र यसरी बितरित रकम कुन कुन बिद्यालयहरूलाई वितरण गरिएको हो सोको विवरण र बिद्यार्थी संख्या समेत शिक्षा तथा मानवश्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पठाउनु पर्ने व्यवस्था रहेकोछ । कार्यालयले यस बर्ष ८ मदरसा बिद्यालयहरूलाई रु १५६०४००। अनुदान निकासा गरेकोछ । ति बिद्यालयहरू हाल नियमित रुपमा संचालनमा रहे नरहेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन । अतःआफूले दिएको अनुदान रकमको उपयोगको सुनिश्चितताको लागि अनुगमन गरी अनुमति नलिएका र नियमित संचालनमा नरहेका यस्ता बिद्यालयहरूको अभिलेख व्यबस्थित गरी अनुदान रकम रोक्का राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रू.६० लाख तलब भत्ता भुक्तानी गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>७३</td><td>शिक्षकहरूको दरवन्दी विवरण, अवकाश, सरुवाको विवरण लेखापरीक्षणको क्रममा पेश हुन नसकेको हुँदा विद्यालयले शिक्षक तलवको लागि माग गरेको विवरण सवै ठीक छन भन्ने यकीन गर्न सक्ने अवस्था छैन ।</td><td></td></tr>
<tr><td>७४</td><td>पालिकाले शिक्षण सिकाईमा ICT को प्रयोग, माध्यामिक विद्यालयमा पुस्ताकलय स्थापना तथा व्यवस्थापन, माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला लागि रकम निकासा गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम उल्लेखित शिर्षकबाट निकासा गरिएको रकम सम्बन्धित विद्यालयले सार्वजनिक खरिद ऐन, नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका खरिद प्रक्रिया पुरा गरे नगरेको, खरिद गरेका सामग्रीको जिन्सी दाखिला नगरेको,सो रकम खर्च भएको आधार, प्रमाण पेश नभएको र पालिकाको शिक्षा शाखाबाट समेत विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यन्वयन गरे नगरेको अनुगमन नगरेकोबाट सो रकम खर्चको आधार, प्रक्रिया र प्रमाण पेश गर्नुपर्ने रू.</td><td>११५०००००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>निकासा</th><th>कैफियत</th></tr>
<tr><td>१३२—०७७।३।८</td><td>तिनाउ आ वि</td><td>शिक्षण सिकाइमा ICT को प्रयोग</td><td>६५००००</td><td>संघीय</td></tr>
<tr><td>११—२०७७।३।२९</td><td>जनता प्रा वि</td><td>,,</td><td>१२५०००</td><td>गा पा</td></tr>
<tr><td>,,</td><td>जन जागृति नि मा वि</td><td>,,</td><td>१२५०००</td><td></td></tr>
<tr><td>,,</td><td>सन्तेश्वर प्रा वि</td><td>,,</td><td>१२५०००</td><td></td></tr>
<tr><td>,,</td><td>जनचेतना आ वि</td><td>,,</td><td>१२५०००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>११५००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td>औषधि खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरूले उक्त प्रक्रियावेगर</td><td></td></tr>
</table>

	रू. ४१ लाख १८ हजारका खरिद मध्ये ठेक्काबाट रू.१५ लाख ३९ हजार र सोझै खरिद रू.२५ लाख ७९ हजार गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, • आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन । • औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
७६	कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रू. १००००००।- मध्येबाट बाटो स्तरोन्नती २, सिंचाई कुलो निर्माण-१, सार्वजनिक निर्माण-१ निर्माण सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रू.३२४५४०।- खर्च भएको देखिन्छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:	
७७	रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ४०५ जनाले निवेदन दिएकामा जम्मा ७४ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ८ वटा वडा मध्ये २ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । २ वटा वडामा सञ्चालित कार्यक्रममा ७४ जनालाई दैनिक ७८० र ५४० को दरले जम्मा ६५० दिन रोगजारी दिएको पाइयो । खर्च रकम विनियोजित रकमको १०० प्रतिशत खर्च गर्दा बेरोजगार संख्याको १८ प्रतिशतले लाभ पाएको देखियो । यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।	
	समानीकरण पूँजीगत तर्फ	
७८	**सोझैखरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू.५ लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइएको निम्नानुसार रू.१४०८९६३.६३ को सोझै खरिद गरेको देखियो ।	

भौ.नं. मिति	आपूर्तिकर्ताको नाम	प्रयोजन	रकम
९-२०७६।५।१८	ओम यादव सप्लायर्स	बाटो मर्मत	१०००००.००
१३-२०७६।६।१	ओम यादव सप्लायर्स	बाटो मर्मत	९९३८३.००
३४-२०७६।६।२८	ओम यादव सप्लायर्स	बाटो मर्मत	९९४३३.००
४२-२०७६।६।३०	तनु सप्लायर्स	बाटो मर्मत	९८१८४.३३
,,	न्यू चौरसिया सप्लायर्स	बाटो मर्मत	४४२८९.००
६१—२०७७।८।२६	कान्त सप्लायर्स	बाटो मर्मत	४८६०२५.३०
१५५—२०७७।२।२१	मर्चवार कन्स्ट्रक्सन प्रा.लि.	बाटो मर्मत	४८१६४९.००
जम्मा			१४०८९६३.६३

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ अनुसार सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा तेकिएका १० विधि मध्ये कुनै एक विधि अपनाई खरिद गर्नु पर्ने उल्लेख छ ।

७९ **म्याद थप बेगर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लंघन गरी तोकिए वमोजिमको कार्य सम्पन्न नगरेमा कार्य सम्पादन हुन नसके वापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने, र सम्झौता वमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने, क्षतिपूर्ति भराउने र सम्झौता वमोजिमको उपलब्ध हुने अन्य उपचार गर्ने उल्लेख छ ।समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग सम्झौताको अन्त्य गरी बाँकी काम निजको खर्चमा अन्य निर्माण व्यवसायीबाट गराउने, पूर्वनिर्धारित क्षतिपूर्ति माग गर्ने, कार्य सम्पादन जमानत जफत गर्ने कार्य तर्फ कार्यालय तथा तालुक निकायले समेत ध्यान दिनुपर्ने देखियो । तोकिएको समयमा कार्य सम्पादन नगरी निर्माण कार्य अधुरो छोडेका तथा म्याद समाप्त भै सकेका निर्माण व्यवसायीबाट सम्झौता वमोजिम तोकिएको समयमा कार्य नगरी ढिला गरेमा नियमावलीको नियम १२१ बमोजिम सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले कूल १० प्रतिशतमा नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति असूल गरी राजस्व दाखिला गर्नु पर्नेमा कार्यालयले यस वर्ष विभिन्न निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति धरौटीमा राखेर १५ निर्माण व्यवसायीलाई यस वर्ष रू. १४९६४३१६।३१ देहाय अनुसार भुक्तानी गरेको पाइयो ।

भौ.नं. र मिति	ठेक्का नं.	कार्यको नाम	निर्माण व्यावसायी	सम्झौता रकम	सम्पन्न हुनुपर्ने अवधि	हालसम्म भुक्तानी
२५, २०७७।०३।२९	१२।०७४।७५	बहुउद्देश्यीय सभाहल निर्माण	न्यू ड्रागनअर्बिट जे.भि.	११६८३१२४।०१	२०७७।०३।१५	७८५८२३१।१२
०६,२०७७।०३।३१		महाखोला देखि तालिमकेन्द्र सम्मको बाटो स्तरोन्नती		३९८०४३०।३२	२०७७।०३।३०	१८४१७३२।५०
०९, २०७७।०३।३१	०१।०७६(७७	जनजागृतिमा.वि. धमौली मायादेवी ८ भवन निर्माण	राजन निर्माण सेवा	३५९८१५२।७०	२०७७।०३।३१	३१६२७२६।७१
१०, २०७७।०३।३१	१७।०७६.७७	बेथरी उत्तर टोल सडक स्तरोन्नती	राजन निर्माण सेवा	९३५६०३१।९५	२०७७।०३।३०	२१०१६२५।९८
जम्मा						१४९६४३१६।३१

८०	**कन्टिन्जेन्सी खर्चको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बीलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टिन्जेन्सी बापत रु. २७ लाख ५७ हजार कट्टी गरेको छ । उक्त रकम मध्ये रू. १६ लाख २० हजार खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
८१	**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२)मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकीन हुन सक्ने अवस्था दिखएन ।	
८२	**डीपीआर खर्च** –बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

भौ.नं. र मिति	कार्य विवरण	परामर्शदाता	खर्च रकम
२०३—२०७६।७।२७	खेल मैदान निर्माण	श्रेष्ठ कन्सल्ट्रयान्ट प्रा.लि.	४९९४६०
१४४—२०७६।६।३०	बाटो निर्माण	स्मार्ट टेक सोलुसन प्रा.लि.	१५००००
	जम्मा:		६४९४६०

८३	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।	
८४	**सफ्टवेयर खरिद** -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. १५००००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	

८५	**भेरिएशनः** ८–२०७६।५।१५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद संझौता वमोजिम कार्य शुरु भए सकेपछि प्राविधिक कारणबाट त्यस्तो कामको परिमाण थप घट गर्न वा नयाँ आइटम थप वा सट्टा गर्न आवश्यक देखिएमा भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । नियम ११८ (१) क वमोजिम ड्रइङ डिजाइन बदल्नु नपर्ने तर कामको परिमाण थप घट हुने अवस्थामा भेरिएशन आदेश गर्दा प्राविधिक पुष्ट्याई पेश गरी गर्नुपर्ने व्यवस्था छ ।मर्चहवा गाउँमा बाटो स्तरोन्नति कार्यको लागि २०७६ बैशाख १९ गर्न लुम्बिनी बुद्ध कन्ष्ट्रक्सनसँग रू. ३२४२१४२।१४ मा सम्झौता भएकोमा २०७६ भदौ १० गते रू. २६२६७७३।–को बील पेश गरेको छ । सम्झौता रकम भन्दा ९ प्रतिशत लागत बढ्ने गरी २०७६ भदौ १० गते कार्यकारी प्रमुखबाट भेरिएशन रू. २९१८२२।४१ स्वीकृत गरेको छ । कामको परिमाण थप घट हुने अवस्थामा भेरिएशन आदेश गर्दा प्राविधिक पुष्ट्याई पेश नगरी भेरिएशन जारी गरेको कार्य नियमित मान्न नसकिएको रू.	२९१८२२.४१
८६	**मू.अ.कर दर्ता नभएकोबाट खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रू. २० हजारभन्दा बढी रकमको मालसामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।आकस्मिक ममर्त मर्मत सम्भारको लागि गाउँ पालिकाले रू. ५० लाख बजेट विनियोजन गरेको रकमबाट विभिन्न व्यक्ति तथा संस्थाहरूलाई बाटो मर्मतको लागि बालुवा गिट्टी, ग्राभेल खरिद, विद्युत तारपोलको कार्य गरेको भनी बडाध्यक्षको सिफारिसको आधारमा रू. २० हजार भन्दा माथिको खरिद गर्दा मू.अ.कर दर्ता नभएकोबाट देहाय अनुसार खरिद गरेको अनियमित देखिएको रू.	१८४७६४७.००

भौनं. र मिति	भुक्तानी पाउनेको नाम	वपत	भुक्तानी रकम	कैफियत
४–२०७६।५।४	अनिल ट्रेड सेन्टर (६०८२१२६८९)	वालुवा गिट्टी खरिद	२४९२७९.००	रु. १९५०० को दरले विजक पेश
३–२०७६।५।४	सन्दिप सप्लायर्स (६०३८९९३८८)	मिस्कट खरिद	८६४००.००	टुक्रा विल पेश
,,	अनिल ट्रेड सेन्टर (६०८२१२६८९)	,,	१२५५७८.००	टुक्रा विल पेश
३०–२०७६।६।२७	यदुवंशी सप्लयर्स (६०९३९२३९३)	,,	९५१३६.००	५ थान वील पेश
३३–२०७६।६।२८	जोहरल्ली पठान	ट्रान्फर्मर र तार जडान	९६९५०.००	डोर हाजिर पेश
३५–२०७६।६।२९	सन्दिप सप्लायर्स (६०३८९९३८८)	बाटो मर्मत	९९६५७.००	टुक्रा विल पेश
३६–२०७६।६।२९	प्रताप मौर्य	वथरी बाटो मर्मत	७१८६६०.००	४ थान वील पेश
४२–२०७६।६।३०	सहनी सप्लायर्स (६१२०७४३१२)	वसौंली टोलमा बाटो मर्मत	४२५१४.००	४ थान वील पेश
४८–२०७६।७।१	रामप्रित मौर्य	कन्हौली र सुकरौला टोलमा बाटो मर्मत	९९३०६.००	विभिन्न विल पेश
५३–२०७६।८।१०	रामभन्द्र यादव	सामग्री खरिद	२३०००.००	पान वील पेश
५८–२०७६।८।१८	सुखराम प्रसाद बानिया	मंदिर रङ्गरोगन	७९४८४.००	टुक्रा वील पेश
६६–२०७६।९।१५	सरिता देवी पोखरेल	आल्मुनियम पार्टेशन	९७२८२.००	विभिन्न विल पेश
१९३–२०७७।३।१७	केशव लामिछाने	ग्रावेल खरिद	३४४०१.००	ल.ई, कार्यादेश नभएको, ६ थान वील पेश गरेको
जम्मा			१८४७६४७	

८७ **गुणस्तर परीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

भौ.नं. मिति	निर्माण कामको विवरण	लागत अनुमान	खुद भुक्तानी	कामको प्रकृति
९९—२०७६।११।१९	सम्मइमाइ थान निर्माण	६६२९०२.३५	६०००००.००	उपभोक्ता समिति
१०१—२०७६।११।२१	बैरिया सडक पीसीसी	११०७१२७.५४	९९९९००.००	उपभोक्ता समिति
१२४—२०७७।१।२२	सेड निर्माण	१०७७७४१.५८	९७००००.००	,,
१४१—२०७७।२।१५	पक्की नाली निर्माण	८७२४८२.२३	७९२४८०.००	,,
१४८—२०७७।२।१५	पक्की नाली निर्माण	१४४५७६१.०६	१३०००००.००	,,
२४८—२०७७।३।२९	सडक स्तरोन्नती	२१७४८५२.१५	१९८९६००.००	,,
२७१—२०७७।३।३०	पक्की नाली निर्माण	१००००००.००	९७६०६०.२७	,,

८८ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ ।गुणास्तर परीक्षण वापतको रकम भुक्तानी गर्दा देहाय अनुसारका भौ.नं. र मितिबाट उपभोक्ता समितिले पेश गरेको विजक भन्दा बढी रकम कार्यसम्पन्न प्रतिवेदन तथा नापीमा समावेश गरी भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको असुल गर्नु पर्ने रू. ३५०००

भौ.नं. र मिति	कार्य	परीक्षण गर्ने निकाय	वीजक अनुसारको रकम	मूल्यांकन	बढी भक्तानी
१००—२०७६।११।१९	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	५०००	४०००
११२—२०७६।१२।५	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	५००	२५००	२०००
१२५—२०७७।१।२२	कम्पाउण्ड वाल	मायादेवी गा.पा.	५००	२५००	२०००
१३३—२०७७।१।३०	आरसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	२५००	१५००
१३४—२०७७।१।३०	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१५००	२५००	१०००
१४४—२०७७।२।१५	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	५०००	४०००
१४५—२०७७।२।१५	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	५०००	४०००
१४६—२०७७।२।१५	आरसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	२५००	१५००
१५०—२०७७।२।१५	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	५००	२५००	२०००
१५४—२०७७।२।२०	छत ढलान	मायादेवी गा.पा.	५००	३०००	२५००
१७४—२०७७।३।१	प्रा.वि.भवन मर्मत	मायादेवी गा.पा.	१०००	२५००	१५००
१९२—२०७७।३।१५	ओम शान्ति भवन निर्माण	मायादेवी गा.पा.	१०००	२५००	१५००
१९५—२०७७।३।१८	अमौली बाटो पीसीसी	मायादेवी गा.पा.	१०००	२५००	१५००
२३८—२०७७।३।२८	कम्पाउड वाल	मायादेवी गा.पा.	५००	२५००	२०००
२८४—२०७७।३।३१	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	५०००	४०००
जम्मा					३५०००

८९ **गुणस्तर परीक्षणको नमूना** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५९१० अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । उपभोक्ता समितिहरूबाट संचालित ५ लाख भन्दा माथिका योजनाहरूमा प्रयोग भएको सिमेन्टको क्युवहरूको टेष्ट गरी मायादेवी गाउँपालिकाको कार्यालयबाट पीसीसी कार्यको संकुचित शक्ति परीक्षण (compressive Strength Test) प्रतिवेदन जारी भएको छ ।उपभोक्ताहरूले परीक्षणको लागि ७ दिन, १४ दिन अथवा २८ दिनका क्युवहरू ल्यावमा पेश गर्ने गरेको दखियो । एउटै अवधिका ३ वटा क्युव ल्यावमा पेश भएको मध्ये देहायका योजनाहरूको ३ वटा मध्ये एक वा एक भन्दा बढी क्युव फेल भए पनि औषतको आधारमा रिपोर्ट जारी गर्ने गरेको देखिन्छ । तीन वटा मध्ये एक वा एक भन्दा बढी क्युव परीक्षणमा फेल भएकोअवस्थामा निर्माण कार्य गुणस्तरयुक्त छ भन्न सक्ने अवस्था छैन । मूल्यांकन अनुसार उक्त योजनाहरूमा खर्च भएको रू. ४४४०२९०.०० सम्बन्धमा गुणस्तर एकीन गर्न नसकिएको रू. ४४४०२९०.००

भौ.नं. र मति	उपभोक्ता स मति	क्युवको (मान प्रतिशतमा)				भुक्तानी रकम
		अव ध	आवश्यक मान	परीक्षणको औषत मान	फेल भएको मान	
२८३-२०७७।३।३१	ठूलो डुविहवामा पीसीसी	७ दिन	९७.५	१००.६९	९२.४४	४७८६००.००
१२५-२०७७।१।२२	धमौली टोलमा सडक पीसीसी	७ दिन	९७.५	९८.३७	९२.४४ र ९६.८९	६९८५३०.००
१३८-२०७७।१।३०	रहमुद मुलमान... सडक पीसीसी	२८ दिन	१४८.५	१५९.५६	१३२.४४	४९००००.००
१३७-२०७७।१।३०	सानो डुविहवा सडक पीसीसी	७ दिन	९७.५	९८.५२	८८.८९	४७७१५०.००
१४४-२०७७।२।१५	कुट्टवा गाउँमा सडक पीसीसी	७ दिन	९७.५	१०५.५३	८८.८९	१४९८६५०.००
१४५-२०७७।२।१५	बनहवा सडक पीसीसी ढलान	७ दिन	९७.५	९८.२२	९२.४४	७९७३६०.००
	जम्मा					४४४०२९०.००

९० **रसिद पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बील भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारका भौ.नं. र मितिबाट गुणस्तर परीक्षणको शुल्क भक्तानीगर्दा मूल्यांकनमा उल्लेख भएको रकम उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो । प्राभिजनलसमको रूपमा बीओक्यूमा समावेश गुणस्तर परीक्षणको रकम गुणस्तर परीक्षण गर्ने निकायको बील बमोजिम भुक्तानी हुनु पर्ने रू. २१२००.००

भौ.नं. र मिति	कार्य	परीक्षण गर्ने निकाय	भुक्तानी रकम
८८—२०७६।१०।२८	कम्पाउण्ड वाल	मायादेवी गा.पा.	३२००.००
१२१—२०७७।१।१०	समरहनीमा आरसीसी	मायादेवी गा.पा.	३०००.००
१३१—२०७७।१।३०	उत्तर बनकसिहा पीसीसी ढलान	मायादेवी गा.पा.	५०००.००
१३६—२०७७।१।३०	पूर्व अहिलौरी बाटो पीसीसी	मायादेवी गा.पा.	२५००.००
१३८—२०७७।१।३०	पीसीसी गर्ने कार्य गुण्डा उ.स.	मायादेवी गा.पा.	२५००.००
१६४—२०७७।२।२७	आरसीसी गर्ने कार्य	मायादेवी गा.पा.	५०००.००
जम्मा			२१२००.००

९१ **मालसामानको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी

निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- देहायका मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण/परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः

गो.भौ. र मति	मालसामानको नाम	भुक्तानी रकम	बिक्रेता
७-२०७७/५/१	प्रिन्टर, भ्याकुम क्लिनर	२७७९१०.००	साझा ट्रेडिङ हाउस
११-२०७७/५/२	ल्यापटप तथा कम्प्युटर	५५६०००.००	साझा ट्रेडिङ हाउस
१६-२०७७/५/२	प्रिन्टर	१३५००.००	साझा ट्रेडिङ हाउस
२१-२०७७/६/१४	टाइम एटेन्डेन्स मेशिन	३४३३५०.००	साझा ट्रेडिङ हाउस
५७-२०७६/८/१६	ल्यापटप,	२६३०२९.००	साझा ट्रेडिङ हाउस
१०२-२०७६/११/२१	पिभिसी फ्लोरिङ्ग कार्पेट र पर्दा	३८७८७.००	सिद्धार्थ फर्निसिङ्ग
११९-२०७६/१२/२५	ल्यापटप तथा कम्प्युटर	४९३९२३.००	साझा ट्रेडिङ हाउस
१२०-२०७६/१२/२५	कम्प्युटर ५ थान	४९६९७४.००	साझा ट्रेडिङ हाउस
२३०-२०७७/३/२६	अल्ट्रा साउण्ड	४९९४६०.००	मेडिक्स मेडिकल सप्लार्स
,,	सर्जिकल सामान तथा उपकरणहरू	२०१०२७.००	बि.बि.एम. इन्टरनेशनल प्रा.लि.
२४६-२०७७/३/२८	कम्प्युटर, प्रिन्टर, यूपीएस	४९२८००.००	साझा ट्रेडिङ हाउस

९२ **खरिद भन्दा बढी मूल्यांकनः** १६३-२०७७।२।१५ सिंचाई बोर जडान कार्यको लागि २०७६।१०।६ मा लागत अनुमान रू. १६२०१४५.७८ को कार्य उपभोक्ता समिति मार्फत गर्ने गरी सम्झौता भएको छ । उक्त कार्यको लागत अनुमानमा देहाय अनुसारका निर्माण सामग्रीको लागत अनुमान स्वीकृत भएकोमा मूल्यांकन अनुसार कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ताले पेश गरेको विजक भन्दा बढी दरले उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उपभोक्ता समितिले पेश गरेको पाण्डेय मलखाद भण्डार एण्ड हार्डवेयर सप्लायर्सको वीजक नं. ११४४ मिति २०७७।२।१७ अनुसार देहायबमोजिमको दरले खरिद भएको देखिन्छ । खरिद मूल्य भन्दा बढी मूल्यांकन रू. १९४२०१.१७ असुल गर्नु पर्ने रू. १९४२०१.१७

सामानको नाम	परिमाण	खरिद दर	मूल्यांकनको दर	बढी रकम
६ के.जी. प्रेसरको UPVC पाइप	९७०	६०८.३४	७४५.८०	१३३३४०.५७
४" जि.आई निप्पल	१२	१६५.००	५५०.३१	४६२३.६९
४" जि.आई अनइक्वल टी	१२	१६५०.००	२४८६.००	१००३१.९६
४" जि.आई प्लग	१२	४८०.००	९५७.११	५७२५.३०
हेण्ड पम्प	५	१६५०.००	२२६०.००	३०४९.९८

	४" जि.आई पाइप | १२ | १३५०.०१ | १६२७.२० | ३३२६.२७	
	इण्ड क्याप | १२ | ०.०० | २८४१.९५ | ३४१०३.४०	
	जम्मा | | | | १९४२०१.१७	
९३	८३-२०७६।१०।१६ लागत अनुमान रू. ५६२०६८.१५ भएको तालिम केन्द्रको अगाडिदेखि वडा कार्यालय पश्चिम पक्की नाला निर्माण कार्य उपभोक्ता समितिबाट गरी जनहसभागिता कट्टा गरेर रू. ५०००००।- भुक्तानी गरेको छ । उपभोक्ताले समितिले पेश गरेको वी.एन.सी. कंक्रिट उद्योगको बील अनुसार ५८ वटा तयारी नाला मू.अ.कर समेत रू. ६८७८.३१ को दरले खरिद गरेको छ । प्राविधिक मूल्यांकनमा उक्त नालाको मूल्यांकन ढुवानी समेत रू. ९०००।- कायम गरे पनि ढुवानीको बील पेश गरेको छैन । वास्तविक लागत भन्दा प्रति एकाई रू. २१२१.६९ बढी मूल्यांकन गरेकोले कूल रू. १२३०५८.०२ बढी व्ययभार परेको छ । खरिद मूल्य भन्दा उपभोक्ता समितिलाई बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु.	१२३०५८.०२
९४	**बढी भुक्तानीः** भौ.नं. २, २०७७।०३।१६ निर्माण कार्यको अन्तर्गत एक आइटमको भुक्तानीमा सो आइटममा उल्लेख गरिएको कार्य अनुसारको बील बमोजिमको भुक्तानी गर्नुपर्ने हुन्छ । तर पालिकाले ठेक्का नं.१५/०७६-७७ लुम्बिनी प्रेस क्लब भवन निर्माणकार्यको PS item बिमालेखमा उल्लेख गरिएको रू.४००००।- भुक्तानी गर्नुपर्नेमा रू. ४४११२।- भुक्तानी गरेकोले बढी भुक्तानी रू.४११२।- सम्बन्धित निर्माण व्यावसायी प्रितम विल्डर्सबाट असूल हुनुपर्ने रू.	४११२.००
९५	**बील भरपाई नभएकोः** २०—२०७७।०३।२८ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।पालिकाले खानेपानीको लागि मनकामना जनरल अर्डर सप्लायर्सबाट रू. १९३७७२४।-को हैण्डपम्प खरिद गरिएकोमा सो हैण्ड पम्प वितरण गरिएको भरपाई पेश हुनुपर्ने रू.	१९३७७२४.००
	समानीकरण चालुतर्फ	
९६	**सिलाई कटाइ तालिमः** ६६४—२०७७।०२।१० पालिकाले आदर्श महिला केन्द्र, नेपालसँग २०७६।१०।२० देखि २०७७।०१।२० सम्म ३ महिने सिलाई कटाइ तालिम संचालन गर्न रू.३०००००।- मा सम्झौता गरेको छ । सो संस्थाले पालिकासमक्ष पेश गरेको बीलभर्पाइमा विश्व महामारी कोरोना जोखिमबाट बच्न नेपाल सरकारले देशभर लकडाउन गरेको समयमा पनि निरन्तर तालिम संचालन भएको देखिन्छ । लकडाउनको समयमा सो तालिम संचालन गर्नु संक्रामक रोग ऐन, २०२० र नेपाल सरकारको कोरोना जोखिमबाट बच्न गरिएको लकडाउन आदेश विपरित हुने देखिएकोले ४१ दिन संचालित तालिमको भुक्तानी रू. १३६६६६।- सम्बन्धित आदर्श महिला केन्द्र नेपालसँग असूल गर्नुपर्ने रू.	१३६६६६.००
९७	**धानको बीउ वितरणः** भौ.नं. ४७, २०७६।०३।०१ पालिकाले किसानहरूलाई १२०० के.जी. धानको बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न सिद्धार्थ एग्रोभेट सेन्टरबाट रू. १३,६७,७००।- खरिद भएकोमा लागत साझेदारी ५० प्रतिशतले हुन आउने रकम रू. ६८३८५०।- भुक्तानी दिनुपर्ने देखिन्छ । पालिकाले लागत साझेदारीमा बीउ खरिद गर्ने किसानसँग धानको बीउ खरिदगर्नु पूर्व सम्झौता गरेको देखिदैन । यसरी अनुदानमा बीउ लिन चाहने वास्तविक किसान पहिचान नगरी धानको बीउ खरिद गर्दा तपसिल बमोजिमको बीउ बढी भइ उपयोग नभएकोले पालिकालाई नोक्सान हुन गएको रू.	१५४४७०.००
	धानको बीउको नाम | परिमाण | दर | रकम	
	US 312 | ५४ | ५७० | ३०७८०।-	
	US 305 | २१७ | ५७० | १२३६९०।-	
	जम्मा | | | १५४४७०।-	

९८	**भुक्तानीमा करः** ९—२०७६।०६।१४ आय कर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले व्यावसायिक पुष्प खेती नर्सरी निर्माण तालिम संचालन गर्दा भुक्तानीमा नियमानुसार लाग्ने रू. ४५०।- पारिश्रमिकर कट्टा नगरिएको रू.	४५०.००
९९	**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
१००	**योजना अनुगमनः** भौ.नं. ८८३-२०७७।०३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बील भर्पाई सहितको लेखा राखु पर्ने व्यवस्था छ । वडा स्तरीय अनुगमन समितिले वडा नं. ३ मा सञ्चालित ८ वटा योजना अनुगमन गरेवापत भुक्तानीको लागि पेश भएको अनुगमन प्रतिवेदनमा योजनाको नाम र अनुगमनकर्ताको नाम मात्र उल्लेख गरेको छ । योजना अनुगमनबाट देखिएका कैफियत र आवश्यक सूचना उल्लेख नगरी योजना र अनुगमनकर्ताको नाममात्र उल्लेख गरेर योजना अनुगमन गरेवापत रू.४८०००।— भुक्तानी गरेको पाइयो । यसरी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रू.	४८०००.००
	सामाजिक सुरक्षातर्फ	
१०१	**प्रतिवेदनः** सामाजिक सुरक्षा सुरक्षा कार्यविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मार्ग ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत्र ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण श्रावण ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन ।	
१०२	**पारदर्शिताः** कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने	

	लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा सम्बन्धी खर्चलाई पारदर्शी बनाउन आवश्यक छ ।	
१०३	**सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्य आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।	
१०४	**एम.आइ.एस.प्रविष्टिः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।एम आइ. एस. मा नविकरण प्रविष्टि नभएका ४२ जना लाभग्राहीहरूलाई रू. २७०८००।- सामाजिक सुरक्षा भुक्तानी गरेको देखियो । सबै लाभग्राहीको विवरण एम आइ. एस. मा प्रविष्टि हुनु पर्दछ ।	
१०५	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) अनुसार बैंकहरूले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (अनुसुचि १३) चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्य पठाउनुपर्ने उल्लेख छ । यसरी पठाएको विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख भएकोमा बैंकहरूले सो अनुसुचि गाँउपालिकामा पठाएको पाइएन । जसले गर्दा पेश्की दिएको रकम मध्ये कति वितरण भई कति बाँकी रहेको छ भनी एकीन हुन सकिएन ।	
१०६	**भत्ता विवरणको अनुगमनः** कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमासिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरू कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।	
	विपद् व्यवस्थापन	
१०७	**कार्य योजना** -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
१०८	**विपद् व्यवस्थापन कोष** –विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम	

हुने व्यवस्था छ । गत वर्षको मौज्दात समेत रू. ३१२०३६९२।- आम्दानी भई रू. १२६४२७४३।- खर्च गरी बाँकी रू. १८५६०९४९।- रहेको देखिन्छ । पालिकाले खर्च मध्ये रू. क्वारेन्टिन व्यवस्थापनमा रू. ९१८०३८६।— दाउरा वितरण खर्च रू. ७१८२४९।- र राहत वापत रू. २७४४१०८।- भुक्तानी गरेको देखिन्छ । पालिकाले विपद् व्यवस्थापन कोष सञ्चालनको लागि कार्यविधि बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१०९ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्बन्धमा निम्नानुसार देखिएको छः

११० पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । लेखापरीक्षणको क्रममा उपब्ध गराएको विवरण अनुसार हालसम्म भएको सर्वेबाट बाटो र कुलो समेत ८७५ विगा, १० कठ्ठा ७ धुर र बाटो र कुलो बाहेक ९३ विगा, १५ कठ्ठा १२ धुर खुला जग्गा रहेको छ । पालिका क्षेत्रमा भएका सार्वजनिक जग्गा अतिक्रमणको विवरण राखेको पाइएन । यस वर्ष २० घर धुरीलाई हटाएको उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम-

१११ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रू.२ करोड ८३ लाख ५७ हजार बजेट प्राप्त भएकोमा रू.२ करोड ७३ लाख ११ हजार खर्च भई ९६.३१ प्रतिशत वित्तीय प्रगति प्राप्त भएको देखिन्छ ।

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेट रकम	खर्च रकम	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
अन्य सार्वजिनक निर्माण	४	२८३५७०००।-	२७३१०८०२।-	९६.३१	पेश नभएको

११२ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। निर्माण व्यवसायीलाई भुक्तानी भएको मोविलाईजेशन पेश्की रू. १३४२९०३।- सम्झौता अनुसार फछ्र्यौट हुनु पर्दछ । कार्यालयबाट देहाय अनुसार म्याद समाप्त भएको अन्य पेश्की रू. १४९००००।- र कर्मचारी पेश्की रू. १००००.०० समेत रू. १५९००००।- नियमानुसार फछ्यौट हुनु पर्ने रू. १५९००००

भौ.नं.	मिति	कार्यक्रम	पेश्की लिनेको नाम	पेश्की रकम
मोविलाईजेशन पेश्की				
१५	०३/३१/२०७७	समपुरक कोष केन्द्र	राजन निर्माण सेवा	१३,४२,९०३
संस्थागत				
८	०३/३१/२०७७	विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान	नवजागृति आधारभूत विद्यालय	७,००,०००
उपभोक्ता समिति				
१०७	१२/०३/२०७६	प्रकटेश्वर मन्दिर	श्रीप्र कटेश्वर महादेव मन्दिर उपभोक्ता समिति	२,००,०००

१०७	१२/०३/२०७६	प्रकटेश्वर महादेव मन्दिरमा हनुमान मन्दिर निर्माण	श्री प्रकटेश्वर महादेव मन्दिर उपभोक्ता समिति	९०,०००
२७७	०३/३१/२०७७	नदितटवन्द तथा नियन्त्रण वडा नं २मा	हरहरबाट तटबन्ध निर्माण समिति	५,००,०००
	व्यक्तिगत			
९४	०६/१४/२०७६	विविध खर्च राजस्व बाँडफाँड	सुदिपसिंह कटारिया	१,००,०००
		कूल जम्मा		९३४३४७५

धरौटी तर्फ

११३ आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ६८ (४) धरौटी खाता व्यवस्थित राख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पेश गरेको बैंक नगदी किताबमा बाँकी रू. ५८२०७११ र बैंक स्टेटमेन्ट अनुसार रू. ४४६५६७ रहेको छ । स्रेस्तामा भन्दा बैंकमा रू. १३५५०३७ देखिएको सम्बन्धमा एकीन गर्नुपर्ने रू. १३५५०३७.००

११४ **धरौटी फिर्ताः** अर्थ मन्त्रालय राजस्व महाशाखाको च.न. ३६९/२०६९।७० मिति २०६९।६।१७ को परिपत्र अनुसार मूल्य अभिवृद्धि कर भुक्तानी गर्ने कार्यालयहरूले अन्तिम भुक्तानी वा कुनै धरौटी फिर्ता गर्नु पूर्व व्यवसायीले भुक्तानी लिएको मूल्य अभिवृद्धि कर सहितको रकमको सम्बन्धमा त्यस्ता करदाता दर्ता रहेको ठूला करदाता कार्यालय तथा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरे पछि मात्र अन्तिम भुक्तानी वा धरौटी फिर्ता खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका निर्माण व्यवसायीहरू तथा सप्लायर्सलाई धरौटी रकम रू. १०६३७३३।- फिर्ता खर्च लेखेकोमा बील भुक्तानी दिदा दिएको मूल्य अभिवृद्धि कर रकमको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको पत्र वेगर धरौटी फिर्ता गरेकोमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश नभएको रू. १०६३७३३

भौ.नं.	विवरण	रकम
५–२०७६।५।२६	कृष्ण अम्बे टेड एण्ड लिंक	१९२७७
७–२०७६।८।१०	पोखरेल निर्माण सेवा	१०९६३४
९–२०७६।८।२९	रेविका फार्मेसी	६५५८०
१०–२०७६।५।२६	न्यु सहानी एग्रोभेट सेन्टर	५००००
१२–२०७६।५।२६	ओम यादव सप्लायर्स	३८५०००
१३–२०७६।५।२६	वुद्ध पावर इलेक्टो प्रा लि	५९०६७
२४–२०७६।५।२६	श्रीखण्डपुर निर्माण सेवा	३७५१७५
जम्मा		१०६३७३३

कोभिड-१९ तर्फः

११५ कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ असार मसान्तसम्म कार्यालयले रू. १५१०५०२३.०० आम्दानी गरी रू. १२६४२७४३।- खर्च भएको विवरण पेश गरेको छ । असार मसान्त सम्ममा खर्च नभइ रू. २६४२२८०.०० बाँकी रहेकोमा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमको खर्च नभएको रकम रू. १६०००००० कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मिति २०७७।३।३१ मा प्राप्त भएकाले सो रकम सहित प्रकोप व्यवस्थापन कोषमा जम्मा बाँकी रकम रू. १८६४२२८०।- रहेको छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको गरेको छ ।

बजेट/आम्दानीको स्रोत	२०७७ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७७ असार मसान्तसम्म खर्च
संघीय सञ्चित कोषबाट	४०५०२५	राहात वितरण	२७४४१०८
प्रदेश सञ्चित कोषबाट	१००००००	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	५४४०६७०
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	१३१५५०८८	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	०
संघीय कोभिड कोषबाट	०	आर्थिक सहायता	६१७३२२
शिक्षक कर्मचारीको तलब	२२२९१०	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	२०६३६२६
अन्य स्रोतबाट प्राप्त	३२२०००	स्वास्थ्य पूर्वाधार निर्माण	०
		अन्य शीर्षकमा भएको खर्च	१७७७०१७
जम्मा	१५१०५०२३	जम्मा	१२६४२७४३

११६ **वार्षिक प्रतिवेदनः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

११७ **जोखिम भत्ता :** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टिनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ ।कार्यालयले अग्रपंतिमा खटेका ६८ जना स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्राविधिक कर्मचारी, प्रशासनिक कर्मचारीलाई रू. ३२३५७९८.६७ खर्च विनियोजन तर्फको चालु खर्च शीर्षकबाट लेखेको छ ।

११८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा पिपिई सेट रू. ५५० देखि रू. ३५०० सम्ममा खरिद भएको देखिन्छ । त्यसै गरी सर्जिकल मास्क रू. १५ देखि रू. २५ सम्ममा खरिद भएको देखिन्छ । न्यूनतम् र अधिकतम् मूल्यबीच धेरै अन्तर रहेकोले कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । यसको उदाहरण देहाय अनुसार रहेको छः

सामानको नाम	सामानको छोटो स्पेशिफिकेशन	खरिद सम्झौता मिति	सामान प्राप्त मिति	इकाई	परीमाण	दर	कुल रकम
पिपीई		०७६/१२/०९	०७६/१२/११	set	१२	५५०	६६००
		०७६/१२/०९	०७६/१२/११	set	३	१२००	३६००
		०७६/१२/२०	०७६/१२/२३	set	१०	३५००	३५०००
		०७६/१२/२४	०७६/१२/२६	set	२०	३५००	७००००
		०७७/०१/१२	०७७/०१/१५	set	७	१५००	१०५००
जम्मा							**१२५७००**
KN95 माक्स		०७७/०१/२९	०७७/०२/०१	piece	१००	४८७	५५०३१
		०७७/०२/१०	०७७/०२/१३	piece	१००	३००	३००००
जम्मा							**८५०३१**
सर्जिकल माक्स		०७६/१२/१०	०७६/१२/११	piece	७५०	२५	१८७५०
माक्स कपडा		०७६/१२/०८	०७६/१२/११	piece	५०	४०	२०००
फाइबर माक्स		०७७/०१/१२	०७७/०१/१५	piece	१५००	१५	२२५००
		०७७/०१/१७	०७७/०१/१९	piece	१०००	१५	१५०००
जम्मा							**५८२५०**
भिटीएम		०७७/०२/१०	०७७/०२/१२	piece	६०	३४५	**२०७००**
इन्फ्रारेड थर्मोमिटर		०७७/०१/०६	०७७/०१/०८	piece	५	१०६१९.४७	**५३०९७**
जम्मा							**६११७५९**

११९ **परीक्षणः** कार्यालयले पेश गरेको विवरण अनुसार २०७७ असार सम्मपीसीआर परीक्षण गर्दा १३ जना मात्र संक्रमित फेला परेको र Priority-1 क्षेत्रमा गरेको परीक्षण संख्या ५५० बाट समेत १३ संक्रमित फेला परेको देखिन्छ । परीक्षण र परीक्षणको दर देहाय अनुसार रहेको देखिन्छ ।

महिना	सबै क्षेत्रमा गरेको कुल परीक्षण संख्या		Priority-1 क्षेत्रमा गरेको परीक्षण संख्या		Priority-2 क्षेत्रमा गरेको परीक्षण संख्या	
	परीक्षण संख्या	संक्रमित संख्या	परीक्षण संख्या	संक्रमित संख्या	परीक्षण संख्या	संक्रमित संख्या
२०७६ चैत्र	३१	०	३१	०	०	०
२०७७ बैशाख	१३७	०	१३७	०	०	०
२०७७ जेठ	२०८	१३	२०८	१३	०	०
२०७७ असार	३७३	०	१९४	०	१७९	०

१२० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन नगरी रू. २० लाख ५५ हजारमा देहाय अनुसारका सामान खरिद गरेको छ ।अधिकांश

सामानहरू सोझै खरिद गरेकोले कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।

क्रस	खरिद भएका सामग्री	इकाई	संख्या	प्रति ईकाइ दर	खर्च रकम	खरिद विधि
१	तन्ना	थान	२९०	५००	१४५०००	कोटेसन
२	तकिया	थान	२५५	३५०	८९२५०	सोझै
३	डनवल/मेट्रेस	थान	४८	२७६८.६८	१३२८९७	सोझै
४	झुल	थान	३१०	४५०	१३९५००	सोझै
५	पंखा	थान	२९	२८००	८१२००	सोझै
६	साबुन	थान	४३८६	४३.५६	१९१०८२	सोझै
७	सेनिटाइजर	पिस	४३८	१९०	८३२२०	सोझै
८	माक्स	पिस	१७४५०	२५	१९३४५०	सोझै
९	थर्मोमिटर	पिस	१७४५०	२५	११३४५०	सोझै
१०	ब्रस	थान	४५०	१६	७२००	सोझै
११	टुथपेस्ट	थान	३८०	२३	८७४०	सोझै
१२	चप्पल हवाई	पिस	१००	१२५	१२५००	सोझै
१३	पि फर्म	थान	२७०	७५०	२०२५००	सोझै
१४	ब्याडकेट	थान	२६५	७१०	१८८१५०	सोझै
	जम्मा				२०५५४८९	

१२१ **राहात सामग्रीको खरिद र वितरणको परिमाणः** कार्यालयले देहाय अनुसार राहत सामग्री खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ । मूल्य खुल्ने गरी विवरण पेश नगरेकोले मूल्य र परिमाणबीच तुलना गर्न सक्ने अवस्था छैन । खरिद गरेको पुरै सामग्री वितरण गरेको भए पनि वितरणको अवस्था खुल्ने गरी आवश्यक विल भपाई राख्ने नगरेकोले यस सम्बनधमा एकीन हुन सक्ने अवस्था छैन ।

राहत सामग्री	ईकाइ	खरिद परिमाण	वितरण परिमाण	बाँकी परिमाण
चामल	क्विन्टल	३०२.०५	३०२.०५	-
दाल	के.जी	४७४२	४७४२	-
नुन	के.जी	२३७१	२३७१	-
तेल	लिटर	२३७१	२३७१	-
डिटोल साबुन	पिस	४७४२	४७४२	-
सिटामोल	पत्ता	६५२	६५२	-

१२२ पालिकाले ८ वटा वडाको २३७१ घरधुरीका ११८५५ जनसंख्यालाई दाल चामल नुन तेल लगायत खाद्यन्न वितरण गरेको देखिन्छ । राहत सामग्री खरिद गर्दा विभिन्न वडाहरूले फरक फरक दरमा राहात सामग्री खरिद गरि वितरण गरेकोबाट एउटै पालिकामा पनि खरिद मूल्यमा एक रूपता रहेको पाइएन ।

१२३ **खाना खर्चः** क्वारेन्टिन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ अनुसार क्वोरेन्टाइन बस्ने व्यक्तिहरूलाई प्रति दिन प्रति व्यक्ति जिल्लाप्रहरी कार्यालयको निर्धारित राशनदररेट बमोजिमको खाना खाजा खर्च उपलब्ध गराउने र सो को व्यवस्थापन सुरक्षा निकायले गर्ने उल्लेख छ । नेपाल प्रहरीको रुपन्देही जिल्लाको राशन दररेट रू.१५७.०० भएकोमा पालिकाले कार्यपालिकाको निर्णय बमोजिम प्रति व्यक्ति प्रति दिन खाना खाजा खर्च रू.३६०.०० को दरले खर्च गरेको देखिन्छ ।निर्धारित दर भन्दा रू. २०३.०० बढी दरलेक्वारिन्टनमा वस्ने व्यक्तिहरूलाई देहाय अनुसार बढी खर्च लेखी थप व्ययभार पारेको रू.

५३३२८१.००

क्र.सं.	भौ.नं. र मिति	भुक्तानी लिनेको नाम	व्यक्ति संख्या	फरक दर	जम्मा
१.	९४-२०७७.०३.०२	रविकुमार यादव	५२७.५	२०३	१०७०८२.५०
२.	९७- २०७७.०३.०५	विष्णु यादव	३७८	२०३	७६७३४.००
३.	१००-२०७७.०३.०८	लक्ष्मी पौडेल	७०७	२०३	१४३५२१.००
४.	१०७-२०७७.०३.०८	राम किसुन दुसाद	१०१४.५	२०३	२०५९४३.५०
जम्मा					५३३२८१.००

१२४ **९४-२०७७।३।२०** तिनाउ मा.वि. बेथरीमा २०७७ जेठ १३ देखि ३२ सम्म सञ्चालित क्यारेन्टाइनमा क्यारन्टाइन सञ्चालन गर्ने व्यक्ति रवि कुमार यादवलाई रू. २११९५०।–भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्:

(क) बील भर्पाइ पेश नभएकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बील भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । २०७७ जेठ १३ देखि ३२ सम्म ५२७.५ छाक खाना रू. ३६० को दरले खुवाएको हाजिरी उतार पेश गरेको आधारमा रू. १८९९००।–भुक्तानी दिएको छ । उक्त हाजिरी उतारलाई प्रमाणित गर्ने कागजात पेश नभएकोले रू. १८९९००।–खर्च सम्बन्धमा एकीन गर्न सक्ने अवस्था छैन ।खर्चलाई प्रमाणित गर्ने कागजात लेखापरीक्षणमा पेश गर्नु पर्दछ ।

(ख) विपद्व्यवस्थापन चालु तर्फको भौ.नं. ८९ मिति २०७७।२।३२ बाट रविकुमार यादवले यसक्वारेन्टिनमा खानेपानी व्यवस्थापन र सरसफाई शीर्षकमा रू. ९९३६७।–को बील भर्पाइ पेश गरी हेडपम्प सेट सहितका सामग्री लुम्बिनी आइरन स्टोर्सको २०७७।२।२४ को बीलबाट खरिद गरेको छ । क्यारेन्टाइन सञ्चालन गर्दाको रू. २११९५०।–भुक्तानीमा समेत हेडपम्प वापत लुम्बिनी आइरन स्टोर्सको २०७७।२।२९ को बीलबाट रू. २२५०।–भुक्तानी लिएको देखिएकोले दोहोरो भुक्तानी भएको असुल गर्नु पर्ने रू. २२५०.००

१२५ **अनुगमन तथा सम्परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
१९७९५०००.००	००	१९७९५०००.००

१२६ **अद्यावधिक बेरुजु -** यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
१९७९५०००.००	००	२५४१३०००.००	००	४५२०८०००.००

सञ्चित कोष विवरण

आर्थिक वर्ष २०७६।७७

(रू. हजारमा)

स्थानीय तह	जिल्ला		आय				जम्मा आय	व्यय				मौज्दात
		गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
		१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११(१+६-१०)
मायादेवी गाउँपालिका	रुपन्देही	६८६७९	३२७४९३	६७७६८	२८४९७	१५५४०३	६४७८४०	३२१९४१	१९६६४८	१६२१४	५३४८०३	११३०३७

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रू. हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
मायादेवी गाउँपालिका	रूपन्देही	९३	४०	४७५२३	०.०	२	२२११०	९३	३८	२५४१३	१२५६.०	१५३४४	७२२२	०.०	०.०	२२५६६	१००	१४९१	१५९१

बेरुजूको अद्यावधिक स्थिति

(रू. हजारमा)

गत वर्ष सम्मको बाँकी	यस वर्ष फछ्र्यौट	बाँकी बेरुजू	यस वर्षको स.प.बाट कायम बेरुजू	यो वर्षको कायम बेरुजू	बाँकी
१९७९५	०	१९७९५	०	२५४१३	४५२०८